प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय, पोखरा

फोन नं. ०६३-४२०१३० (स्याङ्गजा)
०६१-४६१२५० (कास्की)
Email:akcsyangja@gmail.com
Website: www.syangja.akc.gov.np

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

सूचना नं: १

**प्रस्ताव आव्हानको सुचना**

**प्रथम पटक प्रकाशित मिति:२०७७/०६/११**

यस कृषि ज्ञान केन्द्र स्याङ्गजाको आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न स्याङ्गजा तथा कास्की जिल्लाका ईच्छुक कृषक समूह तथा सहकारीले यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र, स्याङ्गजा वा सम्पर्क ईकाइ कास्कीमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र छनौट सम्बन्धी मापदण्ड लगायतका अन्य आवश्यक कागजातहरु यस केन्द्रको वेभसाइटमा समेत उपलब्ध भएको व्यहोरा अनुरोध छ ।

तपसिल :

| क्र.स | साझेदारी कार्यक्रमहरु | अनुदान सहयोग | संख्या | विनियोजित रकम रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्लष्टरमा रैथाने वाली संरक्षण कार्यक्रम | कुल लागतको बढीमा ९० प्रतिशत अनुदान । | ४ | २० | क्लष्टरमा प्रति वाली कम्तिमा १५ रोपनी तथा प्रत्येक सदस्यले कम्तिमा ०.५ रोपनी खेति गरेको हुनुपर्ने । |
| २ | साना सिंचाई कार्यक्रम संचालन (निर्माण तथा मर्मत) (सिंचाई प्रणालीको निर्माण ) | कुल लागतको बढीमा ९० प्रतिशत सम्म र प्रति अनुदानग्राही अधिकतम रु.५ लाख सम्म अनुदान । | ८० | ४०० | आधिकारिक रुपमा दर्ता भएका जल उपभोक्ता समितिले पनि आवेदन दिन सक्ने । |
| ३ | स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना कार्यक्रम | कुल लागतको बढीमा ९० प्रतिशत सम्म अनुदान । | ५ | ३७.५ | कृषि उपज बिक्रि केन्द्र स्थापनाको लागि न्यूनतम ०.५ रोपनी क्षेत्रफल हुनुपर्ने । |

**आवश्यक कागजातहरु:**

- कृषक समुह ( नविकरण गर्नुपर्ने भएमा नविकरण गरेको) कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र/PAN/VAT को प्रमाणपत्र, वार्षिक लेखा परिक्षण प्रतिवेदन र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार / लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपी ।
- अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
- रु १० को टिकट सहितको निवेदन प्रस्ताव ।

सम्पर्क अधिकृत
इश्वरी अर्याल: ९८५६०५४०८५
सोनी राना: ९८४७०८७९२९
विष्णु ओझा: ९८५१२५५९११

शालिक राम अधिकारी
प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय, पोखरा

फोन नं. ०६३-४२०१३० (स्याङ्गजा)
०६१-४६१२५० (कास्की)
Email:akcsyangja@gmail.com
Website: www.syangja.akc.gov.np

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

सूचना नं : २

## प्रस्ताव आव्हानको सुचना ।।।

**प्रथम पटक प्रकाशित मितिः २०७७/०६/११**

यस कृषि ज्ञान केन्द्र स्याङ्गजाको आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न तपसिलमा उल्लेखित कार्यक्रम लागत साझेदारीमा संचालन गर्न स्याङ्गजा तथा कास्की जिल्लाका ईच्छुक कृषक, कृषि फर्म, कम्पनी, समूह तथा सहकारी ले यो सुचना प्रकाशन भएको ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्र स्याङ्गजा वा सम्पर्क ईकाइ कास्कीमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र छनौट सम्बन्धी मापदण्ड लगायतका अन्य आवश्यक कागजातहरु यस केन्द्रको वेभसाइटमा समेत उपलब्ध भएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

| क.स | साझेदारी कार्यक्रमहरु | अनुदान सहयोग | संख्या/ क्षेत्रफल | विनियोजित रकम रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | साना व्यवसायिक कृषि फर्म स्थापना तथा विस्तार कार्यक्रम | परियोजनाको पहिलो वर्षको लागतको बढीमा ५०% सम्म अनुदान | ६१ वटा | १८३ | फलफुल, तरकारी, पुष्प, च्याउ, मौरीपालन, अलैची, चिया, कफी, अदुवा, बेसार तथा अन्य नगदेवाली विशेषमा फर्म स्थापना वा विस्तार हुनुपर्ने । |
| २. | आलु खेति प्रवर्धन विशेष कार्यक्रम | कुल लागतको बढीमा ९०% सम्म अनुदान । | ३० हेक्टर | ४५ | क्लष्टरमा कम्तिमा १० घरधुरी संलग्न भई कम्तिमा थप ३० रोपनी क्षेत्रफलमा आलु खेति गर्नुपर्नेछ । |
| ३. | क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेति गर्नेले प्रति रोपनीमा तथा प्लाष्टिक घर भित्र प्रति १०० वर्ग मिटरमा रु.३००० अनुदान । | | ६० | सहभागी हुने कृषक/फर्म/कम्पनिले कम्तिमा २ रोपनी भन्दा बढी क्षेत्रफ़ल वा न्यूनतम २०० वर्ग मिटर क्षेत्रफलमा प्लास्टिक घर भित्र वार्षिक कम्तिमा २ सिजन तरकारी खेती गरेको हुनुपर्ने । प्याज र लसुन खेतिका लागि विशेष प्राथमिकता दिइने छ । |
| ४. | बाझो जग्गामा व्यवसायिक खेति प्रोत्साहन कार्यक्रम | बाझो जग्गामा व्यवसायिक खेति गरेवापत प्रति रोपनी क्षेत्रफल रु.३००० अनुदान । | ५० | ३० | विगत कम्तिमा ३ वर्ष देखि बाझो रहन गएका जग्गा भाडामा लिई वा स्वयम् जग्गा धनीले जग्गामा पुनः खेति गर्नुपर्नेछ र न्यूनतम ३ रोपनी क्षेत्रफ़ल भएको बाझो जग्गामा व्यवसायिक खेति गर्नुपर्नेछ । |

**आवश्यक कागजातहरुः**

- कृषि फर्म/कम्पनीको हकमा सस्थाको दर्ता प्रमाणपत्र (नवीकरण गर्नुपर्ने भएमा नवीकरण गरेको), PAN /VAT को प्रमाणपत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषक समुह/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र (नविकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN /VAT को प्रमाणपत्र, वार्षिक लेखा परिक्षण प्रतिवेदन र संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि करार सम्झौताको प्रतिलिपि ।
- अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
- सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
- क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रमको लागि व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि।
- कृषक वर्गीकरण परिचयपत्रको प्रतिलिपि।
- रु१०.को टिकट सहितको निवेदन/प्रस्ताव।

<u>सम्पर्क अधिकृत</u>
इश्वरी अर्यालः ९८५६०५४०८५
सोनी रानाः ९८४७०८७९२९
विष्णु ओझाः ९८५१२५५९११

शालिक राम अधिकारी
प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय, पोखरा
फोन नं. ०६३-४२०१३० (स्याङ्जा)
०६१-४६१२५० (कास्की)
Email:akcsyangja@gmail.com
Website: www.syangja.akc.gov.np

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

सुचना नः३ **मागमा आधारित कृषि तालिमका लागि माग संकलन सम्बन्धी सुचना ।।।**

**प्रथम पटक प्रकाशित मितिः २०७७/०६/११**

यस कृषि ज्ञान केन्द्रको आ व २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायिक कृषकका लागि क्षमता अभिवृद्धि मागमा आधारित कृषक स्तरीय तालिम संख्या ३ संचालन हुने भएकोले ईच्छुक कृषकहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस केन्द्रले उपलब्ध गराएको निर्दिष्ट फारम भरी यस कृषि ज्ञान केन्द्र स्याङ्गजा वा सम्पर्क ईकाइ कास्कीमा बुझाउनु हुन अनुरोध छ । साथै निर्दिष्ट फारम यस केन्द्रको वेभ साइट www.syangja.akc.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ ।

विस्तृत जानकारीको लागि
**कृषि ज्ञान केन्द्र स्याङ्गजा/सम्पर्क ईकाइ कास्की**
**फोन नं**
**कृषि ज्ञान केन्द्र स्याङ्गजा**– ०६३४२०१३०/ ४२११९९
**सम्पर्क ईकाइ कास्की**-०६११४६०२५०

सम्पर्क अधिकृत
इश्वरी अर्यालः ९८५६०५४०८५
सोनी रानाः ९८४७०८७९२९
विष्णु ओझाः ९८५१२५५९११

शालिक राम अधिकारी
प्रमुख